परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

वर्ष १३ | अंक २२ | २०८१ माघ ६ आइतवार | Sunday 19, JAN 2025 | पृष्ठ: ६, | मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

# पूर्वमुख्यमन्त्री थापामाथि आक्रमण

**भोजराज घिमिरे**

विराटनगर । कोशी प्रदेशका पूर्वमुख्यमन्त्री तथा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापामाथि झापाको कनकाई स्थित जामुनबारी चोकमा शनिबार साँझ आक्रमण भएको छ ।



नेपाली कांग्रेस कोशी प्रदेश समितिका सभापतिसमेत रहेका पूर्वमुख्यमन्त्री थापामाथि भएको यस घटनाले प्रदेशको शान्ति सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

पूर्वमुख्यमन्त्री थापाको गाडी जामुनबारी चोकमा पुगेपछि विद्युत प्राधिकरणका चालक सहित दुई व्यक्तिले उनलाई आक्रमण गरेका हुन् । कांग्रेसका अनुसार भीआईपी सवार गाडीलाई साइड नदिएको र भीआईपी भनेर चिनेपछि आक्रमण भएको हो ।

पूर्वमुख्यमन्त्री थापाको देब्रे आँखाको माथिल्लो भागमा चोट लागेको छ, र उनलाई उपचारका लागि बिर्ता सिटी हस्पिटल, विर्तामोड लगिएको छ ।

घटनामा संलग्न दुई जना व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाको विषयमा विस्तृत छानबिन भइरहेको प्रहरीले जनाएको छ ।

थापाले नागरिकको ज्यानको सुरक्षामा सरकार गम्भीर बन्नुपर्नेमा पूर्वमुख्यमन्त्री थापाले जोड दिएका छन् । "यो घटनाले जिल्लाको शान्ति सुरक्षा व्यवस्थाको वास्तविकता छर्लङ्ग पारेको छ," उनले भने ।

पूर्वमुख्यमन्त्री थापा नेपाल प्रेस युनियन झापाको कार्यक्रममा सहभागी भई फर्कने क्रममा आक्रमणमा परेका हुन् । कांग्रेसले घटनाको कडा निन्दा गर्दै दोषीलाई कडा कारबाहीको माग गरेको छ ।

# सेवा र सुरक्षालाई प्रभावकारी बनाउने प्रजिअको प्रतिवद्धता

विराटनगर । नेपाल सरकारका सह-सचिव इन्द्रदेव यादवले मोरङ जिल्लाको प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को जिम्मेवारी सम्हालेसँगै विकास, सुरक्षा र सेवा प्रवाहलाई सन्तुलित र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएका छन् ।

पत्रकारहरू सँगको परिचयात्मक कार्यक्रममा उनले कानुनको दायराभित्र रही संघीय सरकारको प्रतिनिधिका रूपमा जिम्मेवारी पूरा गर्ने र सबै पक्षको सुझावलाई महत्व दिने बताएका छन् ।

प्रजिअ यादवले आफ्नो भूमिकालाई सन्तुलित राख्दै राजनीतिक, प्रशासनिक, र विकास निर्माणका काममा सबै पक्षसँग समन्वय गरी काम गर्छु साथै "संघीय सरकारको प्रतिनिधिका रूपमा कानुनको दायराभन्दा बाहिर गएर कुनै पनि काम गर्ने जानकारी दिए ।

मोरंग जिल्लाको भारतसँग सीमा जोडिएको र उच्च जनघनत्व भएको जिल्ला भएकाले यहाँ सुरक्षाको चुनौती बढी हुने बताउँदै प्रजिअ यादवले अपराध नियन्त्रणका लागि कठोर कदम चाल्ने प्रतिवद्धता जनाए ।

अलपत्र अवस्थामा रहेको विकास निर्माणका कामलाई सुचारु गराउने आफ्नो पहिलो प्राथमिकता भएको प्रमुख

# खेलकुद महासंघमा : राय

विराटनगर । नेपाल खेलकुद महासंघ मोरङ जिल्ला कमिटीको अध्यक्षमा शितल राय निर्वाचित हुनुभएको छ ।

विराटनगर स्थित एमाले पार्टी कार्यालयमा सम्पन्न महासंघको दोस्रो जिल्ला अधिवेशन बाट अध्यक्षमा राय निर्विरोध निर्वाचित हुनुभएको हो ।

२९ सदस्यीय जिल्ला कमिटीको उपाध्यक्षमा रिक्की रानामगर ( प्रभाकर ) र नविन थापा , सचिवमा सागर केसी, सहसचिवमा इन्दु बाँस्कोटा र मेनका ठाकुर र कोषाध्यक्ष मा करुणा दाहाल निर्वाचित हुनुभएको महासंघ स्थायी कमिटी सदस्य रोहित कोइरालाले जानकारी दिनु भयो ।

दोस्रो जिल्ला अधिवेशन लाई सम्बोधन गर्दै नेपाल खेलकुद महासंघका केन्द्रीय अध्यक्ष पर्शुराम बस्नेतले महासंघले पछिल्लो समय खेल क्षेत्रलाई गतिशील बनाउन देशैभरि खेलकुद प्रतियोगिताको आयोजन तथा रचनात्मक गतिविधि गरिरहेको बताउनु भएको थियो।

कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव समेत रहनु भएको बस्नेतले खेल गति नै खेलाडीको प्रगति भन्ने मूल नारालाई अनुसरण गर्दै महासंघले खेलाडीले खेल खेलेरै जीवनयापन गर्न सक्ने गरि नीति निर्माण गर्न पहल गरिरहेको प्रष्ट पार्नु भएको थियो ।

वांकी अन्तिम पेजमा...

# इन्डो–नेपाल स्केटिंग प्रतियोगितामा भारतलाई हराउँदै नेपाल प्रथम

विराटनगर । १० औं इन्डो-नेपाल रोलर स्केटिङ्ग च्याम्प्यन सिप २०२५ प्रतियोगित मा भारतलाई हराउँदै नेपाल प्रथम भएको छ ।

विराटनगरको दिल्ली पब्लिक स्कुलको प्रांगणमा भएको सो प्रतियोगितमा भारतलाई हराउँदै नेपाल प्रथम भएको हो ।

सो प्रतियोगितमा भारतको हिमाचल, गुजरात, राजस्थान, महाराष्ट्र र उत्तर प्रदेशका २२ जना छात्र-छात्रा खेलाडीहरु समावेश भएका थिए । त्यसैगरी नेपालको विराट नगरका ५ वटा विद्यालयका ५६ जना छात्र-छात्रा खेलाडी हरुको सहभागीता रहेको थियो ।

विभिन्न उमेर समूहमा गराईएको स्केटिङ्ग प्रतियोगितामा नेपालले २७ स्वर्ण, १४ रजत र १३ कास्य प्राप्त गरी प्रथम भएको छ । त्यसैगरी भारत २४ स्वर्ण, १६ रजत र १७ कास्य प्राप्त गरी दोस्रो भएको छ ।

प्रतियोगिताको समुद्घाटन जिल्ला प्रहरी कार्यालयका एसपी नारायण चिमरीयाले दियोमा बत्ती बालेर समुद्घाटन गर्दै, स्पोर्टले व्यक्तिको क्षमता अभिवृद्धि गर्नुका साथै स्वास्थ्य र स्वस्फुर्त बनाई छोटो समयमा देशको र आफ्नो नाम समेत विश्व सामु चम्काउन सक्ने विधा भएको वताए ।

विशिष्ठ अतिथि खेलकुद विकास समिति मोरंग जिल्लाका अध्यक्ष इन्द्र लामा, दिल्ली पब्लिक स्कुलका प्रधानाध्यापक वि.वि लिम्बु, भारतका टीम संयोजक पवन अग्रवाल रहेका थिए । सोही अवसरमा कराँतेको खेलाडी हरुले खेल प्रदर्शन समेत गरेका थिए ।

स्केटीङ्ग एण्ड स्केटवोर्ड एशोसिएसन मोरंग जिल्ला अध्यक्ष सुरज कामतको अध्यक्षतामा सम्पन्न भएको थियो ।



परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## सेवा...

जिल्ला अधिकारी यादवले वताए । वर्षौंदेखि अधुरो रहेको हुलाकी राजमार्गका कारण जनताले सास्ती खेपिरहेका छन् । यसलाई यथाशक्य चाँडो सम्पन्न गर्न सरोकारवाला निकायसँग सहजीकरण गरी काम अगाडी वढाउने प्रजिअ यादवका भनाई छ ।

मोरङ प्रशासनले हुलाकी राजमार्ग निर्माणका लागि जिम्मा लिएका निर्माण कम्पनीहरूसँग माग ३ गते विशेष छलफलको आयोजना गर्ने तयारी गरेको छ । यसअघि जिल्लाका पूर्व प्रजिअहरूले पनि यो विषयमा पहल गरे पनि समस्या समाधान नभएको भन्दै यादवले यसलाई प्राथमिकता मा राख्ने वताए ।

प्रजिअ यादवले जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई थप चुस्त र प्रभावकारी बनाउने घोषणा गर्दै "प्रशासनको सेवा प्रवाहलाई जनतासम्म सहज र प्रभावकारी बनाउने काम गर्छु । मासिक रूपमा कार्यप्रगति विवरण सार्वजनिक गरी पारदर्शिता कायम राख्नेछु," भन्दै प्रतिवद्धता जनाए ।

भारतसँग जोडिएको सीमा क्षेत्रको संवेदनशीलता र चोरी-तस्करी नियन्त्रणलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्थामा कडाइ गर्ने, "सीमामा हुने आपराधिक गतिविधि नियन्त्रणमा कुनै सम्झौता हुनेछैन । सुरक्षा व्यवस्थामा आवश्यकता अनुसार परिवर्तन ल्याउनेछु," वहाँको भनाई छ ।

यसअघि प्रजिअ यादव चितवन, सुनसरी, र इलाम जस्ता जिल्लामा प्रजिअको रूपमा काम गरिसकेका यादवले आफ्नो अनुभवलाई मोरङमा लागू गर्ने भन्दै मोरंगमा पनि स्वास्थ्य क्षेत्रमा रहेको वेला काम गरेकोले मोरंग जिल्ला मेरो लागि नयाँ नभइ पुरानै भएको वताए ।

सवै पक्षसंग समन्वय र सहकार्य गर्नका लागि १० वटा ह्वाटसप ग्रुप बनाएको छ । पत्रकार, प्रदेश सभा सदस्य, मन्त्री, प्रशासनिक समुह, व्यापारीक समुह लगायतको समुह वनाएर सवै संग सल्लाह लिने र जुन क्षेत्रमा आफु काम गर्ने त्यस क्षेत्रको ह्वाटसप ग्रपमा म्यासेज, सूचना हाली पार्दरशी रुपमा काम गर्ने प्रतिवद्धता प्रजिअ यादवले जनाए ।

## खेलकुद...

त्यस्तै, अधिवेशनमा बोल्दै नेकपा एमाले स्थायी कमिटी सदस्य तथा जनसंगठन संयन्त्र प्रमुख भानुभक्त ढकालले खेलकुद महासंघ एमालेको सबै भन्दा सक्रिय जनसंगठन रहेको भन्दै प्रशंसा समेत गर्नु भएको थियो ।

# पुस महिनाको सर्वोत्कृष्ठ प्रहरीमा प्रधान घोषित

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले इलाका प्रहरी कार्यालय भेडेटार धनकुटामा कार्यरत प्रहरी नायव निरीक्षक रमेश प्रधानलाई २०८१ साल पुष "महिनाको सर्वोत्कृष्ट प्रहर घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी नायव निरीक्षक रमेश प्रधानले पुष २५ गते धनकुटाको साँगुरीगढी गाउँपालिका-९ चाँदीबजार स्थितमा चेक जाँच गर्ने क्रममा मोटर साइकलमा लागूऔषध गाँजा बोकी धरानतर्फ जाँदै गरेका मानिसहरुलाई नियन्त्रणमा लिन खोज्दा उनिहरुले प्रहरी माथि नै आक्रमण गरे पश्चात हवाई फायर गरी मोटरसाइकलमा सवार रहेका ६ जना मानिसहरुलाई ५ वटा मोटरसाइकल तथा १२० किलोग्राम लागूऔषध गाँजा सहित पक्राउ गर्न सफल भएको थियो ।

साथै आफ्नो जिम्मेवारी एरिया इलाकाहरुमा शान्ति सुरक्षा कायम राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको हुँदा निज प्रहरी नायव निरीक्षकबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८१ साल पुष "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरिएको छ ।



१० औं इन्डो-नेपाल रोलर स्केटिंग च्याम्पयनसिप २०२५ प्रतियोगितमा भार तलाई हराउँदै नेपाल प्रथम भएपछि खुशियाली मनाउँदै ।


## एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहीमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परिक्षण गराऔं
- ज्वरो आउने, टाउँको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परिक्षण गराऔं
- एमपक्स अत्यन्तै संक्रमक रोग भएकोले संक्रमण हुना साथ आइसोलेसनमा बसौं
- घना बस्ती र सहरी क्षेत्रमा यसको संक्रमण छिटो बढ्ने भएकाले सचेतना बढाऊँ ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।
- सभ्य रुपमा चाडपर्व मनाऔं ।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

विराटनगर महानगरपालिका
महानगर कार्यपालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश



## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयको जनहितमा जारी सूचना

- सिंचाइ प्रणालीको विकास र विस्तार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरौं । सबै प्रकारका पानीका स्रोत, मुहान, कुलो, पैनी नहर आदिको संरक्षण र सम्बर्द्धन गरी आकासे पानीबाट संकलित पोखरी, भूमिगत लिफ्ट, सतह आदि सिंचाइ प्रणाली मार्फत पानीका थोपा थोपालाई कृषिमा प्रयोग गरौं। सडक पूर्वाधारजस्ता अन्य भौतिक संरचना निर्माण गर्दा कुलो पैनी नहरको संरचनामा क्षति नपुर्याऔं, क्षति पुगेमा क्षति पुर्याउने निकायबाटै तत्काल मर्मत संभार गराऔं । सिंचाइ प्रणालीमा कम ऊर्जा खपत गर्ने र नविकरणीय ऊर्जाबाट चल्ने उपकरणहरुको प्रयोग गरौं ।

- आधुनिक प्रविधि र उन्नत जातका विउविजनको प्रयोग, वालीमा विविधीकरण र परिवर्तन तथा नगदे बालीलाई प्राथमिकता दिई परम्परागत कृषि पेशाबाट आधुनिक व्यावसायिक र भरपर्दो पेशामा रुपान्तरित भई स्वदेशमै समुन्नत भविष्य निर्माण गरौं । अर्गानिक कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यप्रति संवेदनशील बनौं ।

- वर्षाको समयमा बाढी पहिरो तथा कटान जस्ता जल उत्पन्न प्रकोप आउन सक्ने भएकाले नदीको प्राकृतिक बहावलाई अबरोध पुर्याइ किनाराहरु अतिक्रमण गरेर सम्भावित कटान, पहिरो जस्ता जोखिम युक्त क्षेत्रमा संरचना निर्माण गरी वसोवास नगरौं। नदी कटान, पहिरो रोकथाम तथा माटोको संरक्षणका लागि बनाइएका संरचनाहरुको सम्भार र संरक्षण गरौं। जलवायु परिवर्तनप्रति सचेत रहौं । वर्षाको पूर्व जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको www.hydrology.gov.np वेबसाइटको सूचनाहरुबाट सु-सूचित रहौं ।

खानेपानी, सिंचाइ तथा उर्जा मन्त्रालय
कोशी प्रदेश, विराटनगर


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# विराट एक्स्पोको सम्भावना

कोशी प्रदेशको राजधानी विराटनगरमा आर्थिक र औद्योगिक विकासका माध्यमवाट राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने उदेश्यका साथ आठौं संस्करणको विराट एक्स्पो अगामी माघ ११ गतेदेखि २० गते लाग्ने भएको छ । स्थापित निजी क्षेत्रको प्रतिनिधिमुलक संस्था उद्योग संगठन मोरंगले एक्स्पो आयोजनामा हुने एक्स्पोले हाम्रो जस्तो सम्भावनायुक्त मुलुकका लागि औद्योगिक तथा व्यापारिक मेला आयोजना गर्नु विशेष महत्त्वको विषय हो । "विराट एक्स्पो" ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि ठूलो अवसर प्रस्तुत गरेको छ। विराटनगर, औद्योगिक इतिहासका लागि परिचित सहर, देशको पूर्वी भागमा आर्थिक गतिविधि र व्यापारका केन्द्रका रूपमा रहँदै आएको छ । यहाँको भौगोलिक पहुँच, सीमा नजिकको स्थिति, र औद्योगिक पृष्ठभूमिले यसलाई व्यापारिक गतिविधिका लागि उपयुक्त गन्तव्य मानिएको छ ।

अन्तर्राष्ट्रिय स्तरको विराट एक्स्पोमा ९ वटा पेभिलियन अन्तर्गत २ सय ६८ वटा स्टल रहने छ । नेपाल, भारत, पाकिस्तान र बंगलादेशका गरी विराट बजार बिटुबीका १२ स्टल, स्टार्टअप भिजन कोशी ह्याकाथुनका १२ स्टल, र ोजगार कोशीका १२ स्टल, व्यावसायिक सेवा प्रदायक, सूचना, शिक्षा तथा डिजिटल प्रविधिका ४० स्टल, अटोमोबाइल्सका २० स्टल, औद्योगिक तर्फ ७५ स्टल, औद्योगिक, कर्पोरेट, कृषि, पर्यटन तथा एसएमईजका ७५ स्टल, खाद्यका १० स्टल र प्रयोजकका १२ स्टल रहनेछ ।

यस्तो प्रकारका एक्स्पोहरूले पर्यटन प्रवर्द्धनदेखि विदेशी लगानी आकर्षणसम्मका सम्भावनाहरू बोकेका एक्स्पोले भौतिक संरचना, यातायात सुविधा, र अन्तर्राष्ट्रिय मापदण्डअनुरूपका व्यवस्थापनमा चुनौतीहरू छन् । "विराट एक्स्पो" जस्ता मेलाहरूले नेपाललाई व्यापारिक तथा औद्योगिक गन्तव्यका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । सर कार, व्यवसायी, र सरोकारवालाहरूको सहकार्यले यसलाई सफल बनाउनुपर्छ । यसले देशको आर्थिक विकासलाई समेत तीव्रता दिन सक्ने छन् ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्कतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टुटे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# विद्यार्थीलाई होमवर्क दिने कि नदिने ?

**प्रविज्ञ रेग्मी**

सात वर्षकी चन्द्रकला स्कुलको पोसाक लगाइसकेपछि घरमै अलप भइन्। स्कुल जान तयार भएकी बच्ची आमाले खोज्दा घरकै ठूलो दराजको कुनामा दपन्निएर चुपचाप लुकेर बसेकी भेटिइन्।

उनी स्कुल जान तयार थिइनन्। गहभरि आँसु थियो। तनावका कारण शरीर अरमट्ठ थियो । सधैं स्कुल जाने चन्द्रकलाले यस्तो स्वभाव बेलाबेलामा देखाउँथिन् ।

कारण–शिक्षकले दिएको अत्यधिक गृहकार्य (होमवर्क) गर्न नसकेको र त्यसको परिणामको त्रासले अत्तालिएकी ।

यो एक प्रतिनिधि घटना हो। यस्तै प्रकृतिका वृत्तान्त थुप्रै सुनिन्छन् ।

यो लेखअघि पाठक समक्ष यसै सन्दर्भमा केही प्रश्न तेर्स्याउँछु– हाम्रो बालबालिकाप्रतिको संवेदनशीलता कहाँ गयो होला? किन ती कलिलाहरूलाई वयस्कको जस्तै व्यवहार गरिन्छ ? गृहकार्यको बोझ दिएर शैक्षिक उन्नति ल्याउन प्रेरित स्कुल वा शिक्षकहरूले र गृहकार्यले थिचाएर घरमा आफ्नै बालबालिकाका सुलभ वृत्तिहरूलाई तुसारापात गराउने अभिभावक हरूले किन उनीहरूका स्वनियमन का पक्ष पाखा लगाउँछन्छ ?

बालबालिकालाई गृहकार्य दिने वा नदिने भन्ने तातो बहस शिक्षा क्षेत्रमा भइरहन्छ।

यो लेखमा यस विषयमा भएका अनुसन्धानहरूले के देखाउँछन्, तुलनात्मक विश्लेषण गर्नेछु । पहिलो पाटोमा किन नदिने, दोस्रो पाटोमा किन दिने र निष्कर्षमा के उपयुक्त हुन्छ भन्ने राख्ने छु ।

आशा छ, यसले अन्तरदृष्टि दिनेछ ।

अध्येता अल्फी कोह्नले आफ्नो किताब 'द होमवर्क मिथ' मा बालबालिकालाई गृहकार्यको बोझ दिन नहुने बताएका छन्। स्कुलको दिनभरको कार्यपछिको स्वतन्त्र समय खोसिन नहुनेमा उनी जोड दिन्छन् ।

उनको अध्ययनले देखाएको छ– गृहकार्यले विद्यार्थीको बौद्धिक विकासमा खासै फरक पार्दैन । गृहकार्य गरेर आउने भनिएको फाइदाको तुलनामा यसले ल्याउने दिकदारी र तनावको प्रभाव धेरै पर्छ। प्रत्युत्पादक पनि हुन्छ ।

अस्ट्रेलियन शिक्षामनोवैज्ञानिक रिचार्ड वाकरको अनुसन्धानको निष्कर्ष पनि त्यही छ–विशेषगरी प्राथमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धि र गृहकार्यबीच कुनै महत्त्वपूर्ण सम्बन्ध छैन । गृहकार्यले उच्च शैक्षिक नतिजा ल्याउँदैन ।

शिक्षक र अनुसन्धानकर्ता वेन्डी तोशिहारा भन्छिन्, 'गृहकार्य बालबालिकाको विकासको चरण र आवश्यकतासँग मेल नखाएमा हानिकारक हुन्छ ।'

कोह्न भन्छन्, 'गृहकार्यले विद्यार्थीको प्रगति हुन्छ भन्नु एक भ्रम हो । प्राथमिक तहका विद्यार्थीलाई त शिक्षाको नाममा निर्देशन गरिने गलत मार्ग हो । बालबालिका प्रति शैक्षिक अविश्वासको परिणती हो ।'

उनी थप भन्छन्, 'माध्यमिक र निम्न माध्यमिक तहका विद्यार्थीको शैक्षिक प्रगति र गृहकार्यबीच थोरै अन्तरसम्बन्ध भए पनि गृहकार्य नै शैक्षिक उपलब्धिको आधार होइन । प्रशस्त गृहकार्य गर्ने विद्यार्थीको प्रगति भएको छ पनि त्यसको मूल कारण गृहकार्य होइन। त्यसैले उच्च उपलब्धि पाएका सबै विद्यार्थीले धेरै गृहकार्य गर्छन् भन्न हुँदैन, अन्यलाई यसको बोझले थिच्न हुँदैन । यसले शैक्षिक समता खल्बलिन्छ ।'

अध्ययनहरूले देखाएका छन्–अभ्यासका नाममा दोहोऱ्याइ-तेहऱ्याइ लेख्न दिइने गृहकार्यको प्रचलनले विद्यार्थीहरू जिज्ञासाबाट वञ्चित हुन्छन्। उनीहरूको सिर्जनशीलतामा ह्रास आउँछ । सिकाइको प्राकृतिक रूचि र आन्तरिक प्रेरणा कम हुन्छ। शिक्षाप्रति नकारात्मक भावना विकास हुन्छ ।

विद्यार्थीले वयस्क वा आफ्नै दौंतरीहरूसँग अन्तर्क्रिया गर्ने समय गृहकार्यले लिँदा यसले सामाजिक विकासमा समेत अवरोध पुऱ्याएको अनुसन्धान हरूले देखाएका छन् ।

स्कुल समयपछि चार-पाँच घन्टासम्म गृहकार्य नै गरिरहँदा विद्यार्थी थाक्छ। समय अभाव र थकानका कारण परिवारजन सँग घुलमिल हुने अवसर पनि कम हुन्छ । यो क्रम बढ्दै जाँदा उसको भावनात्मक विकास अवरूद्ध हुन्छ । यसको प्रभाव तत्काल नदेखिए पनि कालान्तरमा एकलकाटे, समाजमा घुलमिल हुन मुस्किल हुने जस्ता स्वभाव विकास हुने देखिएको छ ।

गृहकार्यको बोझले विद्यार्थीको सामाजिक, भावनात्मक विकासमा प्रत्यक्ष असर पर्ने अनुसन्धानले देखाएका छन् ।

स्ट्यानफोर्डका डिनिस पोपले चार हजारभन्दा बढी विद्यार्थीमा अध्ययन गरेर आएको निष्कर्षलाई प्रायोगिक शिक्षा जर्नलमा प्रकाशन गरेका छन् ।

उनको निष्कर्ष छ – गृहकार्यको अधिक बोझले विद्यार्थीको मानसिक र शारीरिक स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर गर्छ ।

गृहकार्यले प्रायः पारिवारिक समयमा अवरोध ल्याउँछ । जसले अभिभावक र बाल बालिकाबीच द्वन्द्व सिर्जना गर्छ। एकातर्फ अभिभावकहरू गृहकार्य पूरा गराउन बाध्य हुन्छन्, अर्कोतर्फ बालबालिका हरूलाई झन्झटिलो लागेको गृहकार्यको प्रतिरोध गर्दा सम्बन्ध तनावपूर्ण हुन्छ ।

गृहकार्यले बालबालिकाको स्वतन्त्र खेल, अतिरिक्त क्रियाकलाप र विश्रामका लागि समय कम गरिदिन्छ ।

कोह्नले भावनात्मक र सामाजिक विकासका साथै सिर्जनशीलता विकासका लागि फुर्सदको समय आवश्यक हुने बताएका छन् । धेरै घन्टासम्म गृहकार्य गर्नुपर्ने बालबालिकाले उनीहरूको सर्वांगीण विकासका लागि महत्त्वपूर्ण पारिवारिक अनुभवहरू गुमाउन सक्छन् ।

गृहकार्यले प्रायः आलोचनात्मक सोचभन्दा आज्ञा पालना गर्ने बानीलाई प्राथमिकता दिन्छ । यस्ता कार्यहरू अक्सर विद्यार्थीहरूले आफूलाई दिइएको आदेश पूरा गराउन खोजिएको बुझ्छन्, र उनीहरू त्यसमा आलोचनात्मक प्रश्न गर्न, अन्वेषण गर्न उत्साहित हुँदैनन्। काम पूरा गर्ने ध्येयमा केन्द्रित हुँदा अध्ययन यान्त्रिक हुन्छ ।

एकै प्रकारका गृहकार्य सबै विद्यार्थीका लागि उपयुक्त हुँदैनन्। स्कुलमा गृहकार्यलाई विद्यार्थीहरू को व्यक्तिगत आवश्यकता, क्षमता, वा चासोअनुसार प्रायः परिमार्जन गरिँदैन । एउटै साँचोमा ढालेका कार्यहरूले विद्यार्थीहरूको अद्वितीयपनलाई सम्बोधन गर्दैन र विविध सिकाइ शैली र गतिलाई ध्यानमा राख्दैन ।

शिक्षाले विद्यार्थीहरूलाई आफ्नो सिकाइको स्वामित्व लिन सशक्त बनाउनुपर्छ। तर विशेषगरी बाध्यकारी र कठोर गृहकार्यले विद्यार्थीहरूको स्वायत्तता हटाउँछ। सिकाइलाई रोजाइ होइन, झन्झटिलो बनाउँछ । यसको प्रभाव सिकाइको स्वनियमनमा पर्छ र शैक्षिक जिम्मेवारी लिने प्रवृत्तिलाई नकारात्मक असर पर्छ ।

अब लेखको दोस्रो पाटोमा गृहकार्यका सकारात्मक पक्षहरूबारे अनुसन्धानले के भन्छ भन्ने हेरौं ।

अध्येता ह्यारिस कुपर र रबर्ट मर्जानो, यी दुई नाम गृहकार्य पक्षधरका रूपमा आउँछन् । यी दुवैले गृहकार्यको आवश्यकता र यसका परिणतीहरूलाई समर्थन गर्छन्। उनीहरूको विश्लेषण र अध्ययनले ठिक्कको गृहकार्य आवश्यक हुने देखाउँछ ।

ह्यारिस कुपरको गृहकार्यको दस मिनेट नियम विश्वप्रसिद्ध छ । उमेर र कक्षा बढ्दै जाँदा गृहकार्यलाई दस मिनेटको आधार राखेर दिइएमा प्रभावकारी हुने उनी बताउँछन् । कक्षा एकका विद्यार्थीलाई दस मिनेट, दुईका लागि बीस, तीनका लागि तीस र चारका लागि चालीस मिनेट र एवं प्रकारले कक्षा अनुसार दसले गुणन गरी प्रतिदिनको गृहकार्य दिइएमा बौद्धिक विकासका लागि सहयोगी हुने यो एक सरल र सिधा नियम हो ।

माध्यामिक तहका विद्यार्थी हरूलाई दुई घन्टा वा आवश्यकता अनुसार थोरै थप गृहकार्य दिन सकिने यो नियमले निर्देशित गर्छ ।

कुपरको विश्लेषणले विशेषगरी माध्यामिक र उच्च माध्यामिक तहमा गृहकार्य र शैक्षिक उपलब्धिबीच सकारात्मक सम्बन्ध देखाएको छ । गृहकार्यले विद्यार्थीलाई अभ्यास, समीक्षा र वोध विकास गर्ने अवसर प्रदान गर्छ ।

उनी भन्छन्, 'गृहकार्यले जिम्मेवारी, समय व्यवस्थापन र अनुशासन जस्ता जीवन उपयोगी सीपहरूको विकास गर्छ र दीर्घकालीन सफलताका लागि अध्ययनको बानी विकास गर्न सहयोग गर्छ ।'

कुपरले गृहकार्यका कारण पारिवारिक तनाव नआउने बताउँछन् ।

'यसले त घर र स्कुलबीच पुलको काम गर्छ । किनभने, गृहकार्यको माध्यमबाटै अभिभावक लाई बालबालिकाको सिकाइमा सहभागिता जनाउने अवसर दिन्छ र बालबालिकाको सामाजिक भावनात्मक विकासमा सहयोग पुग्छ,' उनी भन्छन् ।

अनुसन्धानकर्ता रबर्ट मार्जानोले गृहकार्यबारे गहन अध्ययन र लेखन गरेका छन् । आफ्नो किताब 'क्लासरूम इन्स्ट्रक्सन ड्याट वर्क्स्' मा मार्जानोले गृहकार्यले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्न सक्ने तर्क प्रस्तुत गरेका छन् ।

मार्जानोको विचार अनुसार गृहकार्यले स्वतन्त्र सिकाइ र जिम्मेवारीलाई प्रोत्साहन गर्छ । यस्ता कक्षाकोठा बाहिर गरिने कार्यले विद्यार्थीको स्वनियमन सीप र सिकाइ व्यवस्थापन गर्ने क्षमता विकास गर्छ । यसले कक्षामा सिकेका कुरालाई विद्यार्थीले घनिभूत बनाउने अवसर पाउँछन् र सिकाइलाई दिगो बनाउँछन् ।

मर्जानो गृहकार्यका पक्षधर भए पनि यसका नियम र सर्तलाई शिक्षकले पालना नगरे गृहकार्य निष्प्रभावी र नकारात्मक हुन सक्नेमा सचेत गराउँछन् ।

उनी भन्छन्, 'गृहकार्य पाठ्य योजनाका विशिष्ट लक्ष्यहरूसँग संरेखित हुनैपर्छ । विद्यार्थीलाई समयमै रचनात्मक पृष्ठपोषण दिनुपर्छ जसले विद्यार्थीलाई आफ्ना गल्ती थाहा पाउन, सोच परिष्कृत गर्न र सीप सुधार्न सहयोग गर्छ ।'

उनको अर्को महत्त्वपूर्ण सर्त छ–गृहकार्यको मात्रा होइन, गुणस्तर हुनपर्छ । आलोचनात्मक सोच र समस्या समाधानलाई प्रोत्साहन गर्ने सोचपूर्वक दिइएका कार्यहरू मात्रै लाभदायक हुन्छन् ।

जोन ह्याट्टी भिजिवल लर्निङका लागि प्रसिद्ध छन् । उनले विद्यार्थीको उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको अनुसन्धानलाई समष्टिमा प्रस्तुत गरेका छन् । उपयुक्त गृहकार्यले विद्यार्थीको उपलब्धिमा सकारात्मक प्रभाव पार्न सक्छ भन्ने उनको दृष्टिकोण छ ।

यस्तै, विक्की डेभिस एक लोकप्रिय शैक्षिक ब्लगर हुन् जसलाई 'द कुल क्याट टिचर'

वांकी ५ पेजमा...

# मकर संक्रान्ति
# मगही संस्कृतिमा तिला संक्राईत

जय प्रकाश महतो

नेपाल समाजशास्त्र र विज्ञानमा आधारित प्रकृतिमैत्री सांस्कृतिक पर्वहरुको उद्गम स्थल हो। यस पवित्र भूमिमा हजारौ सालको अनुभव र वैदिक प्रयोगात्मक रहन-सहनबाट अनेकौं प्रकारका चाँडपर्वहरु, संस्कृति परम्पराहरु निर्माण भएका छन्। नेपाल आयूर्वेदको जननी हो। नेपालमा पाईने खानेकुराहरु औषधी जन्य पदार्थहरु हुन्।






एक वर्षमा १२ वटा महिना, ४ वटा ऋतुहरु अनि १२ वटै मसान्त र १२ वटै संक्रान्तिहरु, विक्रम संवतका यी महत्वपूर्ण गणकहरु हुन्। वैशाखे संक्रान्तिबाट शुरु भएका वर्षका दिनहरु क्रमशः विभिन्न मसान्त र संक्रान्ति हुँदै चैत मसान्तमा पुगेर अन्त्य हुन्छ। यो बिभिन्न गणितहरु मध्ये महत्वपूर्ण गणित हुन्।

प्रत्येक माघ महिनाको प्रथम दिनलाई नेपाली भाषामा माघी/माघे/मकर संक्रान्ति भनिन्छ भन्ने मगही भाषा संस्कृतिमा तिलुवा सक्रान्ती/तिला संक्रान्ती (संक्राइत) भन्ने गरिन्छ। यो पर्व आफ्नै खेतवारीमा उब्जेको नगदे अन्नवाली र घरेलु उधोगसँग सम्बन्ध राख्दछ। यो पर्व प्रकृति मैत्री मात्रै नभई मौसम विज्ञान र खानपानको प्रयोगसँग समेत सम्बन्ध राख्दछ। जाडो मौसमको मध्य भागमा हुने यो पर्वले ठुलो अर्थ राख्दछ। माघ १ गतेका दिन सूर्य धनु राशीबाट मकर राशीमा प्रवेश गर्दछन्।

भौगोलिक, जातीय र सांस्कृतिक विविधता रहेको नेपालमा एकै दिन पर्ने र एउटै नामको पर्वलाई पनि बिभिन्न भेग र समुदायमा बिभिन्न ढङ्गले मनाउने प्रचलन छ।

मगही संस्कृति संस्कारको सनातन धर्ममा तिलको विशेष महत्व छ, चाहे होम-जाप गर्नलाई अक्षतको रुपमा होस् या पूजा वा दान गर्दा होस् या कुनै पितृकर्म वा शुभकार्य, तिल अपरिहार्य छ। माघ १ गतेका दिन तिलको पकवानकालागि प्रसिद्ध छ, तिललाई भुटेर अनि सख्खरमा मुछेर बनाईएका लड्डुहरु आजको विशेष परिकार हो, त्यसैकारणले पनि माघे सक्रान्तीलाई तिलुवा सक्रान्ती पनि भनिन्छ। यो साकाहारी पर्व हो।

मगही संस्कृतिमा तिल, गुड, चामल मिसाएर सफा केराको एउटा पातमा गोसाई (घरको देवता) लाई र अर्को पातमा घरको बाहिर पितृको नाममा चढाईन्छ। बाहिर चढाउँदा पितृहरुले चरा र विभिन्न प्रकारको जनाबरहरु को भेषमा आई ग्रहण गर्ने विश्वास मान्यता छ।

अर्कोतर्फ नर्थ पोल र साउथ पोल अर्थात उत्तरी र दक्षिणी ध्रुवका वारेमा हामीले भुगोलमा पढेका छौ, सूर्य र पृथ्वीको दिशालाई पनि लगभग यस्तै ध्रुवको अवस्थीतीका आधारमा गणना र मापन गरिन्छ। माघ १ गतेबदेखि सूर्यको दिशा उत्तरायणतर्फ लाग्दैछ, उत्तर उन्मुख यो सूर्यको दिशा अझ न्यानो असर गर्ने र माघ १ गतेबदेखि हिँउद घट्दै जाने र बसन्तका साथै ग्रिष्म वढ्दै जाने मान्यता छ। गाँउघरमा प्रतिदिन १ तिलको दरले दिन लामो हुने विश्वास पनि छ।

माघ १ गतेका दिन सूर्यवंशी राजा भगिरथले सोही दिन गङ्गा नदीलाई पृथ्वीमा अवतरण गराई आफनो पूर्वजको उधार गरेको मान्यता पनि छ। यही मान्यताको आधारमा माघे सङ्क्रान्ति पर्वको उपलक्ष्यमा गाँउको तलाउ, नदी नाला, खोला, पोखरी, इनार, ताल, तिर्थ स्थलहरुको घाट, बराहक्षेत्र, गंगा नदी, कोशी नदी, गण्डकी नदी, त्रिवेणी, कन्काई लगायत धार्मिक तथा पवित्र स्थलहरुमा स्नान गरी आफनो र आफनो परिवारको सुख समृद्धिको लागि भगवान सूर्यसँग कामना गर्दे आफनो पितृहरुको श्राद्ध र पितृहरुको नाममा दान गर्ने परम्परा रहेको छ। माघ १ गते देखि काठमाण्डौ उपत्यका नजिकै को पनौतिमा एतिहासिक मकर मेला लाग्दछ, सूर्यवंशी लिच्छवी राजा मानदेवका पालादेखि यो मेला शुरुभएको हो।

यस पर्वमा घ्यू, चाकु, तिलको लड्डु, भुजाको लडु चुराको लड्डु सख्खर/ गुडमा बनाई चढाईन्छ र प्रसादको रुपमा ग्रहण गर्ने चलन रहेको छ। मगही भाषामा लडुलाई लय/लाई भन्ने गरिन्छ। अथार्त, लय=लड्डु। तरुल, सखर खण्ड, पिडालुको विभिन्न परिकार बनाईन्छ भन्ने खिचडी (जाउलो) पनि बनाईन्छ। तराईतिर ज्यादै प्रचलीत मगही उखान "खिचडीके चार यार, दही पापड घी आ अचार"।

जाडोको समयको यस्ता पोषिला खानेकुरा खानाले न्यानो हुनुका साथ-साथै अन्य चर्मरोग र जोर्नीका समस्या आदीबाट समेत राहत मिल्दछ भन्ने विश्वास रहेको छ। साथै, मगही समाजमा बिहे भएको छोरीचेलीहरुलाई घ्यू, चाकु, तिलको लड्डु, भुजाको लडु चुराको लड्डु सखर/गुडमा बनाई सनेश स्वरुप पढाउने चलन छ। हरेक छोरीचेली हरुले आफनो माइतबाट कतिवेला सनेश(उपहार) आउँछ भनेर प्रतिक्षा गरिरहेका हुन्छ। अन्तमा माघी/माघे /मकर वातिलुवा सक्रान्ती/ तिला संक्रान्ती(संक्राइत)को हार्दिक शुभकामना व्यक्त गर्दछु। महतो अध्यक्ष भाषा संस्कृति प्रतिष्ठान मोरंडको अध्यक्ष हुनुहुन्छ।

## लागुऔषधका विभिन्न ट्यावलेट सहित ९ पक्राउ

विराटनगर। झापा, मोरङ र सुनसरीबाट लागुऔषध सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ।

माघ २ गते झापाको दमक नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा दमक -२ का २३ वर्षीय सुसन बन्जरालाई लागुऔषध ट्रामोल ५०-२०० क्याप्सुल र स्पास्पेन-२०० ट्याब्लेट सहित पक्राउ गरेको थियो। ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-५ का २५ वर्षिय प्रकाश राजबंशी, ३२ वर्षिय रतन राजवंशी, २१ वर्षिय करण धिमाल र इलाम एकतप्पा-७ का २१ वर्षिय आषिश लिम्बुलाई ४२० मिलिग्राम लागू औषध ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी लागु औषध नियन्त्रण ब्युरो बिराटनगरको प्रहरी टोलीले हिजो धरान-१२ स्थित लेटाङ-२ का २१ वर्षिय निरज मगरलाई १ ग्राम ३ मिलिग्राम लागु औषध ब्राउन सुगर सहित पक्राउ गरेको थियो। इलाका प्रहरी कार्यालय नेमुवाले बुढिगंगा-२ टंकी चौक स्थितबाट २४ वर्षिय मोहमद हकिमको साथबाट निट्राजेपाम-४० चक्की फेला पारी नियन्त्रण मा लिएको थियो।

त्यस्तै इलाका प्रहरी कार्यालय धरानले हिजो गोप्य सुचनाको आधारमा ट्रामाडोल -२५ सय क्याप्सुल लागु औषध सहित धरान-१०की २७ वर्षीय मनिका बि.क र ३८ वर्षीया रेनुका लिम्बुलाई पक्राउ गरेको थियो।

पक्राउ परेका उनिहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ।

## आन्दोलन गर्ने चेतावनी

विराटनगर। मोरंगको बुढीगंगा गाउँपालिका वडा नं. १ टंकी चौक देखिको बाढीको पानीलाई दुई किलो मिटर पूर्वमा रहेको खदरा खोला मार्फत सिंघिया खोलामा मिसाउने गरी भई रहेको एकलौटी निर्माण कार्य शुरु भए आन्दोल गर्ने स्थानीय वासीले चेतावनी दिएका छन्।

बुढीगंगा-१ का स्थानीय वासीहरुले नेपाल पत्रकार महासघ मोरंग शाखाको सभाहलमा पत्रकार सम्मेलन गरी सो निर्माण कार्य जुन दिन शुरु हुने छ सोही दिन देखि शान्ति पूर्ण आन्दोलन गर्ने चेतावनी स्थानीय सुनिल केसीले दिए।

स्थानीयले भने हरेकवर्ष सिंघिया खोलामाआउने बाढीको कटान र डुबानको जोखिमले गर्दा दजनौ घर परिवार विस्थापित र सयौ घरपरिवार जोखिममा पर्दै आएको छ। अझै सिंघिया नदीमा खदरा खोलामार्फत बाढीको पानी मिसाउँदा हुने डुबान र कटानले गर्दा प्रभावित क्षेत्रमा बस्ने बुढीगंगा-१ का बासीन्दा मात्रै नभएर विराटगर महानगर पालिका-१९ र कटहरी-१ माबसोवास गर्ने तटिय क्षेत्रका बासिन्दाहरुको समेत उठीबास लाग्ने निश्चित छ।

विना सरकारी योजना, विना डिपीआर र वतावरण प्रभाव मुल्यांडकन समते नगरी स्थानीय वासीलाई कुनै जानकारी नगराई सुटुक्क उपभोक्ता समिति बनाएर ७ विगहा निजी जग्गा उकासन सयौ घरपरिवारलाई डुवान र कटानमा पारेर उठिबास लगाउन खोजेको भन्दै स्थानीयले विरोध जनाए का छन्।

हामी प्रभावित क्षेत्रका बासिन्दाले निर्माण कार्य अगाडी नबढाउन वडा र पालिका प्रमुखलाई समेत चेतावनी सहित ध्यान आर्कषण पत्र पनि बुझाई सकेका छौ समस्यालाई वेवास्ता गरे चरणबद्ध आन्दोलन घोषणा गरेर निर्माण स्थलमै धर्ना बस्ने सियाराम माझीले बताए।

विना सरकारी योजना खदरा खोला र सिंघिया नदीमा बाढी मिसाउने अपारदर्शी निर्माण कार्य तुरुन्तबन्द गर, खदरा खोला र सिंघिया खोलामा दिगो तटबन्ध गर, गाउँपालिकाको एकलौटी अपारदर्शी कार्य मान्य छैन, सरकारी योजना सहित डिपिआर, वतावरणीय प्रभाव मुल्याङकन प्रतिवेदन र पालिका परिषद अनि उपभोक्ता समितिको निर्णय सार्वजनिक गर लगायतका माग राखेको स्थानीय दिल कुमारी अधिकारीले वताईन।






क्राईम अपरेशन

# जीवन विकासले १४ प्रतशित बोनस सेयर दिने प्रस्ताव पारित

विराटनगर । जीवन विकास लघुवित्त वित्तीय संस्थाको छैठौं साधारणसभाले बोनस सेयरको वितरणको प्रस्ताव पारित गरेको छ । आइतबार केन्द्रीय कार्यालय कटहरीमा भएको साधारण सभाले आर्थिक वर्ष २०८०/०८१ को मुनाफाबाट सेयर धनीलाई १४ प्रतिशत बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

आर्थिक वर्ष २०७०/०८० को वितरण योग्य मुनाफाबाट पनि जीवन विकासले १४ प्रतिशत नै बोनस सेयर वितरण गरेको थियो ।

आर्थिक वर्ष २०८०/०८१ को मुनाफाबाट पनि सेयर सदस्यहरुका लागि १४ प्रतिशत बोनस वितरण गरेको हो । साधारणसभाले लागि ०.७३६८ प्रतिशत नगद लाभांश पनि पारित गरेको छ । यो नगद लाभांश बोनस सेयरको कर प्रयोजनसमेतका लागि हो ।

जीवन विकासको चुक्ता पुँजी १ अर्ब ३४ करोड ७५ लाख १८ हजार ९०० रुपैयाँ थियो । छैंटौं साधारणसभाबाट १४ प्रतिशत अर्थात १८ करोड ८६ लाख ५२ हजार ६४६ रुपैयाँ रुपैयाँ बोनस सेयर पारित भएपछि भएपछि जीवन विकासको चुक्ता पुँजी १ अर्ब ५३ करोड ६१ लाख ७१ हजार ५४६ रुपैयाँ पुगेको छ ।

३१ जिल्लामा जीवन विकास

जीवन विकास लघुवित्त वित्तीय संस्थाको सेवा ३१ जिल्लामा पुगेको छ । यसअघि २४ जिल्लामा थियो । लघुवित्त कार्यक्रम विस्तार गर्दै जीवन विकासले ३१ जिल्लामा सेवा प्रवाह गरिरहेको हो । जीवन विकासको शाखा संख्या १६० वटा छन् ।

१६० शाखा कार्यालय मार्फत आर्थिक वर्ष २०८०/ ०८१ मा ३ लाख ५२ हजार २५९ विपन्न परिवारलाई घरदैलोमा पुगेर वित्तीय सेवा प्रवाह गरेको लघुवित्तका प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डलले जानकारी दिए ।




जीवन विकासले अन्य बैंक सहर नै आफ्ना सदस्यहरुलाई डिजिटल सेवा प्रवाह गरिरहेको जानकारी दिए । 'डिजिटल सेवा तर्फ जीवन विकासले सदस्यलाई कमर्सियल बैंक भन्दा कम सेवा दिएको छैन, सदस्यलाई सबै सुविधा दिएका छौं, गाउँगाउँमा ह्युमन एटिएमको व्यवस्था पनि गरेका छौं,' उनले भने,' जीवन विकासबाट डिजिटल क्षेत्रमा नमुना योग्य काम गरेका छौं ।'

नेपालको दोस्रो ठूलो लघुवित्तको पहिचान बनाएको जीवन विकासको कुल सम्पति २८ अर्ब २२ करोड ९७ लाख ४ हजार पुगेको छ । लघुवित्तले १० अर्ब ५३ करोड ३० लाख ४३ हजार रुपैयाँ निक्षेप संकलन गरेको छ । २७ अर्ब २१ करोड ४४ लाख ५० हजार रुपैयाँ ऋण लगानी गरेको छ ।

साधारणसभा प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष विक्रमराज सुवेदीले लघुवित्तका लागि विभिन्न अवरोध सृजना भइरहेको बताए ।

असहज परिस्थीतिमा पनि लघुवित्तले सदस्यलाई गुणस्तरीय सेवा प्रवाह गरिरहेको बताए । 'आर्थिक मन्दीको प्रभावको कारण व्यापार, व्यवसाय तथा रोजगारीमा आएको संकुचन ले समग्र लघुवित्त क्षेत्रलाई नकारात्मक असर गरेको छ,' उनले भने,'केही समूह तथा व्यक्तिहरुले लघुवित्त वित्तीय संस्थाहरु विरोधी गतिविधि संचालन गरी लघुवित्त कार्यक्रममा अवरोध सृजना गर्ने, लघुवित्त संस्थाहरुलाई कार्यक्रम बन्द गर्न धम्की दिने, कर्मचारीहरुलाई गालीगलौज तथा हातपात गर्ने, सोझासिधा सदस्यहरु लाई वित्तीय सेवा उपभोग गर्न बाधा पुर्याउने कार्य भइरहेको छ ।'

आर्थिक क्षेत्रको अवस्था कमिक रुपमा सुधार हुने बताउँदै उनले भने,'विषम परिस्थितिमा पनि सबै कर्मचारीहरुको अथक परिश्रमबाट चुनौतीहरुलाई अवसरका रुपमा परिणत गर्दै विपन्न तथा असहाय परिवारलाई आयमुलक कार्यमा सामेल गराई सहयोग गर्ने कार्यहरु प्रभावकारी भएका छन् ।'

'लघुवित्तमाथि प्रहार भइरहेको छ : मण्डल

जीवन विकासको साधारण सभा उद्घाटन गर्दै मोरङ क्षेत्र नम्बर ५ का सांसद योगेन्द्र मण्डलले लघुवित्तमाथि प्रहार भइरहेको बताएका छन् । व्यवस्थीत रुपमा सञ्चालन भइरहेका लघुवित्तलाई धरासायी बनाउनका लागि योजनावद्ध रुपमा प्रहार भइरहेको बताएका हुन् ।

विपन्न समुदायको जीवन स्तर उकास्नका लागि काम गरिहेका लघुवित्तमाथि प्रहार गरेर देशको अर्थतन्त्रलाई झन कमजोर बनाउने गिरोह सकियरहेको उनको भनाई छ । लघुवित्त विरुद्धको अभियान कमजोर भइरहेकाले विचलित नभइ सेवा प्रहाव गर्न लघुवित्तलाई आग्रह गरे ।

जीवन विकासको संस्थापक समेतरहेका मण्डलले ग्रामीण अर्थतन्त्रको विकासका लागि लघुवित्त आवश्यकरहेकाले यसको संरक्षणमा सबै निकायले ध्यान दिनुपर्ने बताए । उनले लघुवित्तको सञ्चालकर व्यवस्थापन समितिलाई सहजर व्यवस्थीत रुपमा सदस्यहरुलाई सेवा प्रवाहमा केन्द्रीत हुन आग्रह गरेका थिए ।

# अमाही बरियाती उपशाखाको निर्वाचन सम्पन्न

विराटनगर । धनपाल थान गाउँपालिका-२ मा रहको नेपाल रेडक्रस सोसाइटी अमाही वरियाती उपशाखाको निर्वाचन सर्वसम्मत भएको छ ।

धनपालथान गाउँपालिका का अध्यक्ष जिवछ गच्छदार को प्रमुख आतिथ्यमा सामुदायिक भवन भगवान पुरमा भएको ५२ औं साधारण सभाको खुल्ला सत्र समापन पछि भएको वन्दसत्रले राम नारायण साहको सभापतित्व मा ११ सदस्य उपशाखा समिति सर्वसम्मतीले गठन गरेको हो ।

सार्वजनिक गरका थिए । पदाधिकारी र सदस्यहरुलाई प्रमाणपत्र भोली वितरण गर्नेछ ।

नेपाल रेडक्रम सोसाइटी एउटा समाजिक र सेवा मुखी संस्था भएकोले यसमा लाग्ने व्यक्तिहरु पनि निस्वार्थ भावनाले लाग्नु पर्ने प्रमुख अतिथि गच्छदारले वताए । खुल्लासत्र पछि वन्दसत्रमा हुने निर्वाचन पनि सर्वसम्मतिले गर्न आग्रह गरेका थिए ।

साधारणसभामा नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य श्याम सुन्दर सुतिहारले भने नेपाल रेडक्रस सोसाइटीले



सर्वसम्मतीले गठन भए को समितिको उपसभापतिमा मिना देवी मण्डल, सचिवमा जयकृष्ण मण्डल, कोषध्यक्ष मा प्रभुनारायण मण्डल, उपसचिवमा शिवनाथ मण्डल, उपकोषाध्यक्षमा आनन्दलाल सुतिहार, महिला सदस्यमा हिना कुमारी सिंह, सदस्यहरुमा क्रमशः राजेन्द्र प्रसाद मण्डल, महेशलाल चौधरी, बासुदेव राय र भक्रिराम मण्डल रहेका छन् ।

सर्वसम्मत भएको पदाधिकारी र सदस्यहरुको नाम-माली निर्वाचन अधिकारी सुनिल राज मण्डलले

विप्द तथा संकट व्यवस्थापन मा विशेष गरी बाढी-पहिरो, आगलागी, सडक दुर्घटना, चट्याङ, हावाहुरी जस्ता विपदहरुवाट क्षति कम गर्न विपद्को पूर्व तयारी सम्वन्धी जनचेताना मुलक कायक्रम हरु संचालन गर्ने भएकोले त्यसको तथ्यांक र विपद् व्यवस्थापनमा हुने आन्दानी र खर्चको पनि हरहिसाव उपशाखाले दुरुस्त राख्नु पर्नेमा जोड दिएका थिए । विजय विश्वास, बतासु मण्डल लगायतले साधारण सभाको सफलताको शुभकामना दिएका थिए ।

# लागुऔषध ब्राउनसुगर र गाँजा सहित ३ जना पक्राउ

विराटनगर । झापा, मोरङ र उदयपुरबाट प्रतिवन्धित लागूऔषध ब्राउनसुगर र गाँजा सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

झापाको मेचीनगर नगरपालिका-६ स्थितमा लागूऔषध नियन्त्रण व्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा पाँचथर फिदिम नगरपालिका-१३ का ३० बर्षीय सनम राईलाई २ ग्राम ३६ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो । मोरङको बिराटनगर-१५ स्थितबाट उदयपुर बेलका नगरपालिका-४ का ४० बर्षीय सुरज खडकालाई १ ग्राम ३६ मिलिग्राम ब्राउन सुगर सहित लागूऔषध नियन्त्रण व्युरो विराटनगरको प्रहरी टोलीले पक्राउ गरेको थियो ।

त्यसै गरी उदयपुरको बेलका-८ स्थितमा अस्थायी प्रहरी पोष्ट कोठुबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को.१ ज ३४९९ को बलेरोमा जेब्रा झोलामा लुकाई राखेको ३ किलोग्राम गाँजा सहित चालक भोजपुर आमचोक-१ का २५ बर्षीय दाजुङ शेर्पालाई नियन्त्रणमा लिएको थियो ।

लागूऔषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान तथा आवश्यक कानूनि कारवाही भईरहेको छ ।

## विद्यार्थीलाई...

भनेर चिनिन्छ । उनी शिक्षामा नयाँ दृष्टिकोणका लागि परिचित छन् ।

उनको तर्क छ, 'गृहकार्य वास्तविक जीवनका प्रयोगहरूसँग मिल्नुपर्छ। अनि मात्र विद्यार्थी सिकाइको सान्दर्भिकता र सामग्रीसँग अर्थपूर्ण रूपमा जोडिन सक्छन् ।'

निष्कर्षमा, गृहकार्य दिने वा नदिने भन्ने बहसमा तर्कहरूलाई तुलना गर्दा गृहकार्य दिन सकिन्छ भन्नेमा बलिया देखिन्छन् तर अत्यन्तै विचारपूर्वक मात्रै ।

गृहकार्य शैक्षिक प्रक्रियाको महत्त्वपूर्ण भाग हो । यसले विद्यार्थीको सिकाइलाई सुदृढ बनाउनुका साथै उनीहरूलाई जिम्मेवारी र आत्मनिर्भरता विकास गर्न सहयोग गर्छ ।

तर, गृहकार्यलाई प्रभावकारी बनाउन तीन महत्त्वपूर्ण आयामका आधारमा योजना गर्न आवश्यक छः उद्देश्य (किन दिने?), सामग्री (के दिने?) र मात्रा (कति दिने?) ।

यी आयामहरूको सन्तुलनले गृहकार्य प्रभावकारी बनाउँछ ।

गृहकार्यको प्रमुख उद्देश्य कक्षाकोठामा विद्यार्थीले सिकेको ज्ञा सुदृढ पार्नु हो । विद्यार्थीको बुझाइलाई गहिरो बनाउन कक्षामा पढाइएका विषयवस्तु सम्बन्धित कार्यहरू दिन सकिन्छ। तर, त्यसको उद्देश्य स्पष्ट हुनुपर्छ । केवल समय बिताउन दिइने गृहकार्यले विद्यार्थीको प्रगति गराउँदैन ।

अर्को, गृहकार्यको सामग्री सोचविचारपूर्वक चयन गर्नुपर्छ। सामग्रीले विद्यार्थीको स्तर, रूचि र कक्षाकोठामा पढाइएको विषयवस्तुसँग मेल खानुपर्छ । अर्थपूर्ण, सान्दर्भिक र सिकाइएका अवधारणालाई अभ्यास गराउने खालको गृहकार्य हुनुपर्छ ।

एउटै प्रकारका अभ्यासले विद्यार्थीलाई दिक्क गराउन सक्छ । त्यसैले लेखन बाहेकका विभिन्न प्रकारका गतिविधिहरू, जस्तै योजना कार्य, गृहकार्यमा समावेश गर्नाले यसमा विविधता आउँछ ।

त्यस्तै, गृहकार्यको मात्रा विद्यार्थीको उमेर र स्तरअनुसार निर्धारण गर्नुपर्छ ।

कक्षा तीनसम्मका बाल बालिकालाई गृहकार्य दिनु आवश्यक छैन भन्ने धारणा छ। किनभने यस उमेर समूहका बालबालिकाको सिकाइ मुख्य रूपमा खेलकुद, अन्वेषण र सिर्जनात्मक क्रियाकलापहरू मार्फत हुन्छ । गृहकार्यले उनीहरूको प्राकृतिक जिज्ञासा र सिर्जनशीलता सीमित गर्न सक्छ । स्कुलमा प्रभावकारी रूपमा गराइएका कक्षाकार्य हरू मात्रै पनि सुरूमा उल्लिखित चन्द्रकला जस्ता बालबालिकालाई पर्याप्त हुन्छ ।

बालबालिकाको ध्यान अवधि छोटो हुन्छ। गृहकार्यले उनीहरूमा अनावश्यक तनाव र थकान सिर्जना गर्न सक्छ जसले सिकाइ प्रतिको रूचि घटाउँछ । जुन दीर्घकालीन रूपमा हानिकारक हुन सक्छ ।

तर पनि अभिभावकको चाहनालाई ध्यानमा राख्दै गृहकार्य दिनैपरेमा प्राथमिक तहका विद्यार्थीलाई दसदेखि बीस मिनेट प्रतिदिन क्रियाकलापले भरिएका र अभिभावकसँग अन्तर्क्रिया गर्न सकिने खालका गृहकार्य उपयुक्त हुन्छ ।

अन्तिममा, विद्यार्थीलाई गृहकार्यको बोझ दिए जसरी पनि गर्छन् र कक्षामा नसकेको उपलब्धि पनि हासिल गर्न सक्छन् भन्ने तर्कलाई मिथक मात्र मानेर सिर्जनशील कार्यमा जोड गरौं । सेतोपाटीबाट